नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
# शैक्षिक गुणस्तर परीक्षण केन्द्र
सानोठिमी भक्तपुर, नेपाल

फोन नं.: ०१-६६३१२८८, ६६३४३६२
Email : eronasa@gmail.com
Website : www.ero.gov.np

पत्र सङ्ख्या :

चलानी नं.:

मिति : २०८३/०५/१८

**विषय: विज्ञ तथा परामर्श सेवाका लागि निवेदन मागसम्बन्धी सूचना ।**

यस केन्द्रबाट आ.व. २०८३/८४ मा सम्पादन गरिने विद्यार्थी उपलब्धीको राष्ट्रिय परीक्षण, कार्यसम्पादन परीक्षण, विभिन्न विषयका अनुसन्धान, तथ्याङ्क सङ्कलनका साधन निर्माण, तथ्याङ्क विश्लेषण, प्रतिवेदन लेखनलगायतका कार्य परामर्श सेवामार्फत गराउन **विज्ञ तथा परामर्श सेवा प्रदायक संस्थाको सूचीदर्ता** तयार गर्नुपर्ने भएकाले देहायको अनुभव र योग्यताका सर्तहरू पूरा गरेका इच्छुक नेपाली नागरिक तथा संस्थाले संलग्न ढाँचाको निवेदन तथा सूचनामा उल्लिखित आवश्यक कागजातसमेत समावेश गरी यस केन्द्रको इमेल ठेगाना eronepal@gmail.com मा मिति २०८३ असोज २ गतेभित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणका लागि आवश्यक कार्यक्षेत्र, सर्त र कागजात**

१. कार्यक्षेत्र

विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (National Assessment of Student Achievement, NASA) एवम् पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षण (National Assessment of Reading and Numeracy, NARN) सम्बन्धी परीक्षण ढाँचा विकास, साधन विकास र उत्तरपुस्तिका परीक्षण लगायतका कार्य ।

२. सर्त:

कार्यक्षेत्रमा उल्लिखित कार्यको सन्दर्भमा विज्ञ सूचीमा नाम दर्ता गर्न आधारभूत तहको हकमा सम्बन्धित विषयमा न्यूनतम स्नातक तह उत्तीर्ण र माध्यमिक तहका हकमा सम्बन्धित विषयमा न्यूनतम स्नातकोत्तर तह उत्तीर्ण गरी सो तह र विषयमा कम्तीमा ३ वर्ष शिक्षण अनुभव भएको हुनुपर्ने।

३. पेश गर्नुपर्ने कागजात:

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(ख) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(ग) नियुक्ति पत्र वा अनुभवको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(घ) स्थायी लेखा नम्बर (PAN) को प्रमाणित प्रतिलिपि

पूनश्च: आवश्यक विवरण Google form मा भरी Submit गर्नुहुन
विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) सँग सम्बन्धित कामका लागि
लिङ्क: https://forms.gle/vckALBtJymNSaCF96

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शैक्षिक गुणस्तर परीक्षण केन्द्र
सानोठिमी भक्तपुर, नेपाल

फोन नं.: ०१-६६३१२८८, ६६३४३६२
Email : eronasa@gmail.com
Website : www.ero.gov.np

पत्र सङ्ख्या :

चलानी नं.: मिति :

**कार्यसम्पादन परीक्षण, विभिन्न विषयका अनुसन्धान, तथ्याङ्क सङ्कलनका साधन निर्माण, तथ्याङ्क विश्लेषण, प्रतिवेदन लेखन**

**(क)** अनुभव र योग्यताका सर्तहरू: देहायका मध्ये कम्तीमा कुनै एक अनुभव र योग्यता पूरा गरेको हुनुपर्ने छ:

१. शिक्षाशास्त्रमा स्नातकोत्तर भई शैक्षिक क्षेत्रमा विशेष गरी लेखन, प्रशिक्षण, निरीक्षण, शैक्षिक प्रशासन, व्यवस्थापन आयोजना/परियोजना मूल्याङ्कन, अध्यापन वा अध्ययन अनुसन्धान कार्यमा कम्तीमा पन्ध्र वर्ष अनुभव भएको,

२. शिक्षाशास्त्रमा स्नातकोत्तर भई शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गत सञ्चालित आयोजना, परियोजना, कार्यक्रम, शैक्षिक नीतिलगायतका आधारभूत विषयसँग परिचित भएको र कम्तीमा १५ वर्ष अनुभव भएको,

३. विश्वविद्यालयका शिक्षा विषयका उपप्राध्यापक र सोभन्दा माथिका पदमा बहालवाला वा सेवा निवृत व्यक्ति,

४. शिक्षाशास्त्रमा स्नातकोत्तर योग्यता भएका शिक्षा सेवाका उपसचिव वा सोभन्दा माथिको पदबाट सेवा निवृत्त व्यक्ति,

५. मान्यता प्राप्त विश्वविद्यालयबाट शिक्षाशास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण गरी विद्यालय शिक्षा सेवातर्फ माध्यमिक तह द्वितीय श्रेणी वा सो भन्दा माथिल्लो श्रेणीबाट सेवा निवृत्त व्यक्ति।

**(ख)** आवश्यक कागजात:

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

२. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,

३. अनुभव खुल्ने कागजातको प्रतिलिपि,

४. स्थायी लेखा नम्बर (PAN) कार्डको प्रतिलिपि,

५. वैयक्तिक विवरण (बायोडाटा)।

पुनश्च: केन्द्रको कामको प्रकृति, विज्ञको योग्यता, अनुभव र आवश्यकताअनुसार विज्ञको सेवा लिइने छ। विज्ञ छनौटको सर्वाधिकार केन्द्रमा निहित रहेको छ। यस केन्द्रमा उपस्थित भई निवेदन दिन चाहनुहुने विज्ञले उल्लिखित कागजातसहित संलग्न ढाँचामा निवेदन पेस गर्न सकिने छ। साथै गत वर्ष विज्ञ सूचीमा सूचीकृत भएका विज्ञले निवेदन मात्र पेश गर्नु हुन अनुरोध छ।

२०८२।५।१८

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शैक्षिक गुणस्तर परीक्षण केन्द्र
सानोठिमी भक्तपुर, नेपाल ।

फोन नं.: ०१-६६३१२८८, ६६३४३६२
Email : eronasa@gmail.com
Website : www.ero.gov.np

पत्र सङ्ख्या :

चलानी नं.:

मिति :

परामर्श सेवाका लागि संस्था दर्ता गर्न आवश्यक कागजात

तपसिल:

(क) निवेदन,

(ख) कम्पनी/संस्था दर्ताको प्रमाणपत्र,

(ग) मूल्य अभिवृद्धि कर (VAT) दर्ताको प्रमाणपत्र,

(घ) गत आ.व.२०८२/८३ को कर चुक्ता प्रमाणपत्र,

(ङ) आवद्ध विज्ञहरूको संक्षिप्त सूची ।

(च) सूचीकृत हुन चाहेको विषयक्षेत्रसँग सम्बन्धित कम्तिमा एउटा कार्यअनुभव

(छ) प्रचलित ऐन कानुन बमोजिम तोकिएको कार्य गर्न अयोग्य ठहर नभएको

२०८३/५/१८

(सेमन्त गौतम)
शाखा अधिकृत

मितिः

श्रीमान् कार्यकारी निर्देशकज्यू,

शैक्षिक गुणस्तर परीक्षण केन्द्र,

सानोठिमी, भक्तपुर ।

विषयः विज्ञसूचीमा सूचीकृत हुन पाउँ ।

प्रस्तुत विषयमा आ.व. २०८३/८४ का लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट सम्पादन गरिने कार्यका लागि विज्ञका रुपमा सूचीकृत हुन देहायबमोजिमको विवरण तथा आवश्यक कागजातसहित यो निवेदन पेश गरेको छु ।

१. व्यक्तिगत विवरणः

नाम थरः

स्थायी ठेगाना जिल्लाः नगरपालिका / गाउँपालिकाः

वडा नं: टोलः सम्पर्क नम्बर: इमेलः

२. कार्यरत वा अवकास प्राप्त भएको संस्थाको नाम ठेगानाः

३. विज्ञका रुपमा सूचीकृत हुन चाहेको विषय र तहः

४. विज्ञका रुपमा सूचीकृत हुन चाहेको कार्यक्षेत्रः

क. कार्यसम्पादन परीक्षण

अ. विद्यालय कार्यसम्पादन ☐

आ. प्रधानाध्यापक नेतृत्व कार्यसम्पादन ☐

इ. स्थानीय तहको शैक्षिक सेवा प्रवाहको कार्यसम्पादन परीक्षण ☐

ख. तथ्याङ्क संकलनका लागि साधन निर्माण, तथ्याङ्क सङ्कलन र विश्लेषण ☐

ग . अनुसन्धान तथा प्रतिवेदन लेखन ☐

5. कार्यसंग सम्बन्धित अनुभव वर्षः

6. शैक्षिक योग्यता (विषयविज्ञका लागि तोकिएको न्यूनतम र सो भन्दा माथिल्लो योग्यता भए सो समेत)

| उपाधि | अध्ययन गरेको विषय | उत्तीर्ण गरेको बोर्ड | उत्तीर्ण वर्ष | उत्तीर्ण श्रेणी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

उल्लिखित विवरण साँचो हो, झुठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला ।

हस्ताक्षर:

नामः

मितिः